२०७९ सालको मापदण्ड नं. २

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः २ | मितिः२०७९।१२।३०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड, २०७९ को पहिलो संशोधन मापदण्ड, २०७९

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड, २०७९ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड, २०७९ को पहिलो संशोधन मापदण्ड, २०७९" रहेको छ ।

**२. दफा ६ को उपदफा (१) मा संशोधनः** दफा ६ को उपदफा (१) को खण्ड (ग) र (घ) हटाउने ।

हेटौंडा राजपत्र

**३. दफा ७ को उपदफा (१) मा संशोधनः** दफा ७ को उपदफा (१) को नगर प्रमुखले आवश्यकता भन्दा पछाडिको अनुसार भन्ने शब्द झिकी र औचित्य हेरी भन्ने शब्द थप गर्ने ।

**४. दफा ११ मा संशोधनः** दफा ११ को उपदफा (१) मा हालको व्यवस्था कायम रहने र उपदफा (२) र (३) देहाय बमोजिम थप गर्नेः

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले उपदफा (१) बमोजिमको सर्त पालना गरे नगरेको विषयमा हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाले अनुगमन गर्नेछ ।

(३) सम्बन्धित क्याम्पस/विद्यालयले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको अद्यावधिक विवरण राखी उपमहानगरपालिका शिक्षा विकाश महाशाखाले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र